श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२८ सालको ऐन नं. ८

**स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर-विजयिनाम् ।**

### राष्ट्रिय शिक्षा पद्धतिको योजना अनुरूप विद्यालयहरूमा दिइने शिक्षाको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना:– राष्ट्रिय विकासको लागि चाहिने जनशक्ति तयार गर्ने, दलविहीन प्रजातान्त्रिक पञ्चायती व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न , र

राष्ट्रिय शिक्षा पद्धतिको योजना अनुरूप विद्यालयहरूमा दिइने शिक्षाको रूप र स्तर, विद्यालयको स्थापना , सञ्चालन र नियन्त्रण समेतको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ:– (१) यस ऐनको नाम "शिक्षा ऐन २०२८" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. परिभाषा:- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "पूर्व प्राथमिक विद्यालय" भन्नाले तीन वर्ष उमेर पूरा गरेको तर पांच वर्ष उमेर पूरा नभएका बालक बालिकालाई पूर्व प्राथमिक शिक्षा दिइने विद्यालय सम्झनुपर्छ ।

(ख) "प्राथमिक विद्यालय" भन्नाले कक्षा एकदेखि कक्षा तीनसम्म भएको प्राथमिक शिक्षा दिइने विद्यालय सम्झनुपर्छ ।

(ग) "निम्न माध्यमिक विद्यालय" भन्नाले कक्षा चारदेखि कक्षा सातसम्म भएको निम्न माध्यमिक शिक्षा दिइने विद्यालय सम्झनुपर्छ ।

(घ) "माध्यमिक विद्यालय" भन्नाले कक्षा आठदेखि कक्षा दशसम्म भएको माध्यमिक शिक्षा दिइने विद्यालय सम्झनुपर्छ ।

(ङ) "विद्यालय" भन्नाले खण्ड (क) देखि खण्ड (घ) सम्ममा उल्लिखित विद्यालय सम्झनुपर्छ ।

(च) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधान अध्यापक समेतलाई जनाउँछ ।

(छ) "माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा" (स्कूल लिभिङ्ग सर्टिफिकेट एक्जामिनेशन) भन्नाले माध्यमिक शिक्षाको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(ज) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

३. विद्यालय खोल्न अनुमति लिनु पर्ने:– (१) श्री ५ को सरकारले बाहेक कसैले विद्यालय खोल्न चाहेमा श्री ५ को सरकार वा तोकिएको अधिकारीबाट अनुमति लिनुपर्छ ।

(२) उपदफा (१) बमोजिम अनुमति लिई खोलिएको विद्यालयलाई तोकिएको शर्त बन्देज पालन गरेको देखिएमा श्री ५ को सरकार वा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ ।

४. विद्यालयको सञ्चालन:– विद्यालयको सञ्चालन तोकिएबमोजिम हुनेछ ।

५. माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको परिचालन र नियन्त्रण:– माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (स्कूल लिभिङ्ग सर्टिफिकेट एक्जामिनेशन)को परिचालन र नियन्त्रण तोकिए बमोजिम हुनेछ ।

६. माध्यमिक शिक्षाको प्रकार:– माध्यमिक शिक्षा देहायका प्रकारको हुनेछन्–

(क) साधारण माध्यमिक शिक्षा,

(ख) व्यावसायिक माध्यमिक शिक्षा, र

(ग) संस्कृत माध्यमिक शिक्षा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. शिक्षाको माध्यमः– (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा हुनेछ ।

(२) उपदफा (१) बमोजिम बाहेक अन्य व्यवस्था गर्नु परेमा श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि भाषा विषय सिकाउँदा पढाइको माध्यम सोही भाषा हुन सक्नेछ ।

८. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः– विद्यालयले श्री ५ को सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नुपर्छ ।

९. क्षेत्रीय शिक्षा निर्देशनालयः– (१) यस ऐनको उद्देश्य प्राप्तिको लागि श्री ५ को सरकारले एक वा एकभन्दा बढी क्षेत्रीय शिक्षा निर्देशनालय खोल्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम क्षेत्रीय शिक्षा निर्देशनालयको प्रमुखको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

१०. जिल्ला शिक्षा कार्यालयः– (१) प्रत्येक जिल्लामा एक जिल्ला शिक्षा कार्यालय रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यालयको प्रमुखको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

११. जिल्ला शिक्षा समितिको गठनः– (१) प्रत्येक जिल्लामा एक जिल्ला शिक्षा समितिको गठन हुनेछ, जसमा तोकिएका सदस्यहरू रहनेछन् ।

(२) उपदफा (१) बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

१२. जिल्ला शिक्षा सेवा आयोगः– (१) प्रत्येक जिल्लामा सो जिल्लाभित्रका गैर सरकारी शिक्षकहरूको नियुक्ति र बढुवाको सिफारिश गर्न एक जिल्ला शिक्षा सेवा आयोग रहनेछ, जसमा तोकिएका सदस्यहरू रहनेछन् ।

(२) उपदफा (१) बमोजिमको आयोगको अरू काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोकिएबमोजिम हुनेछ ।

१३. जिल्ला शिक्षा कोषः– (१) प्रत्येक जिल्लामा एउटा जिल्ला शिक्षा कोष स्थापना हुनेछ, जसमा देहायका रकमहरू रहनेछन्–

(क) श्री ५ को सरकारबाट प्राप्त अनुदान,

(ख) शुल्कबाट आउने रकम,

(ग) शिक्षा करबाट उठेको रकम,

(घ) चन्दाबाट प्राप्त रकम, र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिएबमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर चन्दाबाट प्राप्त रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो, सोही प्रयोजनको निम्ति खर्च गरिनेछ ।

१४. श्री ५ को सरकारले निर्देशन दिन सक्नेः– (१) श्री ५ को सरकारले समय समयमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू गर्ने सम्बन्धमा जिल्ला शिक्षा ससिति र विद्यालयलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालन गर्नु प्रत्येक जिल्ला शिक्षा समिति र विद्यालयको कर्तव्य हुनेछ ।

१५. श्री ५ को सरकारले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः– राष्ट्रिय शिक्षा पद्धतिको योजना कार्यान्वयन गर्दा श्री ५ को सरकार वा तोकिएको अधिकारीले जिल्ला शिक्षा समितिको राय लिई सञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न सक्नेछ ।

१६. विद्यालयको सम्पत्तिः– (१) विद्यालयको हकको सम्पत्ति कसैको व्यक्तिगत सम्पत्ति नभई सार्वजनिक सम्पत्ति मानिनेछ ।

(२) यो ऐनबमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको विद्यालय वा दफा १५ बमोजिम बन्द गरिएको विद्यालयको सम्पत्ति श्री ५ को सरकार वा तोकिएको अधिकारीले अन्य विद्यालयको काममा प्रयोग गर्नेछ ।

(३) विद्यालयको सम्पत्ति हिनामिना गर्ने व्यक्तिलाई तोकिएको अधिकारीले बिगो असूल गरी रू. दुई हजारसम्म जरीवाना गर्न सक्नेछ ।

१७. सजायः– यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम उल्लंघन गरेमा तोकिएको अधिकारीले देहायबमोजिम सजाय गर्न सक्नेछ–

(क) विद्यालयका शिक्षक वा कर्मचारीलाई विभागीय सजाय गर्ने,
(ख) विद्यार्थीलाई विद्यालय वा छात्रावास वा परीक्षाबाट निष्काशन गर्ने,
(ग) कसूरको मात्रा हेरी बढीमा रू. दुई हजारसम्म जरीवाना गर्ने,
(घ) विद्यालयलाई सरकारी सहायता घटाउने, रोक्ने वा बन्द गर्ने, र
(ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने ।

१८. पुनरावेदनः– यो ऐनबमोजिम तोकिएको अधिकारीले गरेको परीक्षाबाट निष्काशनको सजाय बाहेक अन्य सजायउपर तोकिएको म्यादभित्र तोकिएको अधिकारीसमक्ष पुनरावेदन लाग्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. नियम बनाउने अधिकारः– (१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्व मान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी सो नियमद्वारा खास गरी देहायका कुराहरूको व्यवस्था हुन सक्नेछः–

(क) विद्यालयको झण्डा, चिह्न र प्रार्थना,
(ख) विद्यालयलाई लाग्ने शुल्क र सो असूल गर्ने तरीका,
(ग) विद्यालयलाई दिइने सरकारी सहायता,
(घ) विद्यालयको परीक्षा,
(ङ) विद्यालयको अतिरिक्त कार्यकलाप र कार्यक्रमको निर्धारण,
(च) गाउँ फर्क राष्ट्रिय अभियान अन्तर्गत सामाजिक सेवा कार्यक्रम,
(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तरीका र विद्यार्थीहरूको संख्या,
(ज) विद्यालयको सम्पत्तिको सुरक्षा,
(झ) विद्यालयको छात्रावास चलाउने,
(ञ) विद्यालयको आय-व्ययको जाँच,
(ट) विद्यालयको किताब, वही र अन्य कागजात तयार गर्ने र राख्ने तरीका,
(ठ) शारीरिक तालीम तथा व्यायाम (पी. टी.),
(ड) शिक्षक तथा विद्यार्थीहरूको आचार संहिता,
(ढ) विद्यालयको पुस्तकालय वा अन्य पुस्तकालय तथा वाचनालय,
(ण) सह-शिक्षा,
(त) शिक्षक शिक्षण कार्यक्रम,
(थ) प्रधान अध्यापकको अधिकार र कर्तव्य,
(द) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको बहाली, बर्खासी र सेवा सम्बन्धी अन्य शर्त,
(ध) अध्यापन अधिकारपत्र,
(न) अपांगहरूको शिक्षा,
(प) प्रौढ शिक्षा,
(फ) शिक्षकहरूको सेवा गठन,
(ब) जिल्ला शिक्षा कोष,
(भ) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा, र
(म) अन्य आवश्यक कुराहरू ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६२

२०. बाधा अड्काउ हटाउने अधिकारः– यस ऐनको उद्देश्य कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा श्री ५ को सरकारले त्यस्तो बाधा अड्काउ हटाउन नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आदेश निकाल्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

२१. बचाउ र लागू नहुनेः– (१) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोहीबमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

(२) यो ऐन प्रारम्भ भएको क्षेत्रमा शिक्षा ऐन २०२५ र शिक्षा नियमहरू २०२७ लागू हुनेछैन ।

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मिति
२०२८।५।२४।५

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।